Vol.22
नेपाली
भिविन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation



2022.1

## ओटावा महोत्सव 2022 विशेष कार्यक्रम "पहिलो पटकको काबुकी"



बच्चादेखि वयस्कसम्म सबैले सजिलै बुझ्ने काबुकीका कुराहरू!
यस कार्यक्रममा सहभागिहरूले ताचिमावारी (तरवार युद्ध), शृङ्गार, सङ्गीत, सृजनाको प्रदर्शनी जस्ता विभिन्न कोणबाट काबुकीको संसार अनुभव गर्न सक्नेछन्।

**अनुभव** काबुकीको ताचिमावारी (तरवार युद्ध)

शिक्षकद्वारा काबुकीको ढाँचाको व्याख्या गरिनेछ। ताचिमावारीमा पनि पृथक "दोनताप्पो" भन्ने गीतमा सहभागिहरू सबैले वास्तविक रूपमा भाग लिन सक्नेछन्।

**प्रदर्शन** "कुमादोरी" शृङ्गार गरेर हेरौं!

सजिलै बुझिने गरी काबुकीको शृङ्गारहरू मध्ये पनि पृथक "कुमादोरी" को शृङ्गार गर्ने तरिका व्याख्या गर्दै एक जना सहभागिलाई सोही स्थानमा शृङ्गार गरिनेछ। शृङ्गार गरेको दृश्य दर्शकहरू बस्ने ठाउँबाट पनि हेर्न सकिन्छ।

**वर्कसप** काबुकीको सङ्गीत

पृष्ठभूमिमा बजाउने गरेका शामिसेन, गीत, ओहायासीका वाद्यवादकहरू सबैले बाजाहरूको जानकारी, प्रदर्शन जस्ता काबुकीमा रङ्ग भर्ने सङ्गीतबारे वर्कसप गरिनेछ।

**प्रदर्शन 1** "साननिन-किचिसातोमोएनो-सिरानामी~ओकावाबाता-कोसिनजुकानोबा"

**प्रदर्शन 2** "गोज्योओहासी"

विस्तृत जानकारीको लागि होमपेजमा हेर्नुहोस्।



ताचिमावारी



शृङ्गार प्रदर्शन



काबुकीको सङ्गीत



गोज्योहासी उकियोए

**कहिले**

2022 साल मार्च 19 तारिख (शनि)
1:30 pm प्रारम्भ (12:45 pm मा खुला गरिनेछ)

**कहाँ**

ओता कुमिन प्लाजा दाइ हल
ओता सहर सिमोमारुको 3-1-3

**कति जना**

लगभग 500 जना

**शुल्क**

सामान्य 2,500 येन
नि. मा. वि. विद्यार्थी वा सोभन्दा कम 1,000 येन

**आवेदन दिने तरिका**

प्रदर्शन टिकट खरिद गर्ने व्यक्तिहरूको लागि। प्रदर्शन टिकटको बिक्री 2022 साल जनवरी 12 तारिख (बुध) 10:00 am देखि सुरु गरिनेछ। प्रदर्शन र अनुभव गर्ने कार्यक्रममा भाग लिन चाहने व्यक्तिहरूले सोही दिन कार्यक्रम स्थानमा आफ्नो नाम लेखाउन सक्नुहुनेछ।

**आवेदन दिने ठाउँ** टिकटको लागि तोकिएको फोनत ☎ 03-3750-1555

**सम्पर्क**

(सार्वजनिक हितकारी संघ) ओता सहर संस्कृति प्रवर्द्धन संघ
☎ 03-3750-1611 FAX 03-3750-1150 E-mail bungeika@ota-bunka.or.jp

# ओता बालबालिका जापानी भाषा क्लास

यो विदेशी नागरिक आदि भएको कारण विद्यालयमा भर्ना नभएका बालबालिकाहरूको लागि सञ्चालन गरिने जापानी भाषाको क्लास हो।

**जापानी भाषा सिक्न सक्ने व्यक्तिहरू** ①~③ सबैमा पर्ने बालबालिकाहरू

① ओता सहरमा बसोबास गर्ने विदेशी राष्ट्रियता आदि भएका बालबालिकाहरू

② विद्यालयमा भर्ना हुनु अगाडिका बालबालिका (2006 साल अप्रिल 2 तारिखदेखि 2015 साल अप्रिल 1 तारिखसम्ममा जन्म भएका बालबालिका) अथवा प्राथमिक विद्यालयमा भर्ना हुन 6 महिना बाँकी रहेको बेलादेखि भर्ना नहुन्जेलसम्मका बालबालिका (2015 साल अप्रिल 2 तारिखदेखि 2016 साल अप्रिल 1 तारिखसम्ममा जन्म भएका बालबालिका)

③ जापानी भाषाको ज्ञान नभई ओता सहरद्वारा सञ्चालित विद्यालयमा भर्ना नभएका बालबालिका

## खामाता क्लास

- **कहिले**: सोम, मंगल, बिहीबार 9:00 am~12:00 pm
- **शुल्क**: 0 येन
- **कति जना**: 15 जना
- **कहाँ**: ओता सहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन केन्द्र "mics ओता क्लास" ओता सहर खामाता 5-13-26-101 ओता सहर उपभोक्ता केन्द्र भित्र
- **आवेदन दिने ठाउँ**: लेगातो ओता ☎ 03-6424-8822 FAX 03-5710-6330
- **आवेदन दिने तरिका**: सीधैँ काउन्टरमा अथवा फोनद्वारा

## ओमोरी क्लास

- **कहिले**: सोम, बुध, बिहीबार 9:00 am~12:00 pm
- **शुल्क**: 0 येन
- **कति जना**: 10 जना
- **कहाँ**: ओता सहरद्वारा सञ्चालित सान्नो भवन, अन्तर्राष्ट्रिय आदानप्रदान सुविधा ओता सहर, सान्नो 3-37-11 अन्तर्राष्ट्रिय आदानप्रदान सुविधा भित्र
- **आवेदन दिने ठाउँ**: जापानी भाषा गुरुरित्तो ☎ 03-5709-1347 FAX 03-5709-1347
- **आवेदन दिने तरिका**: सीधैँ काउन्टरमा अथवा फोनद्वारा

**सम्पर्क**

(सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ
☎ 03-6410-7981 FAX 03-6410-7982 E-mail mail@ota-goca.or.jp

# होमपेजमा गई विदेशी नागरिकहरूको लागि दैनिक जीवनयापन सम्बन्धी जानकारी हेर्नुहोस्!

ओता सहर र अन्तर्राष्ट्रिय सहर ओता संघको होमपेजमा विदेशी सहरबासीहरूको लागि विपद् आएको बेला गर्नुपर्ने कुराहरू जस्ता दैनिक जीवनयापनमा उपयोगी हुने जानकारीहरू राखिएको छ। अवश्य हेर्नुहोस्।

**सम्पर्क**

अन्तर्राष्ट्रिय सहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
☎ 03-5744-1227 FAX 03-5744-1323
E-mail kokusai@city.ota.tokyo.jp

ओता सहरको होमपेज
टपपेजमा भएको तलको आइकनबाट जान सकिन्छ।




अन्तर्राष्ट्रिय सहर ओता संघको होमपेज



# ओता सहरको आपत्कालीन प्रतिकार्य पोर्टल साइट र ओता सहरको आपत्कालीन प्रतिकार्य एप्लिकेसन सार्वजनिक गरिएको छ।

2021 जुलाईदेखि विभिन्न प्रकारका आपत्कालीन प्रतिकार्य जानकारी राखिएको "ओता सहरको आपत्कालीन प्रतिकार्य पोर्टल साइट" तथा "ओता सहरको आपत्कालीन प्रतिकार्य एप्लिकेसन" को सञ्चालन सुरु गरिएको छ।
आपत्कालीन प्रतिकार्य पोर्टल साइट तथा आपत्कालीन प्रतिकार्य एप्लिकेसनमा विभिन्न देशका नागरिकहरूले जानकारी प्राप्त गर्न सक्ने गरी जापानी भाषा बाहेक अंग्रेजी, कोरियन र चिनियाँ (सरलीकृत र परम्परागत) भाषाहरूमा पनि जानकारी राखिएको छ।
सम्पूर्ण सहरबासीहरूले यसपछिको "आपत्कालीन प्रतिकार्य पोर्टल साइट " र "आपत्कालीन प्रतिकार्य एप्लिकेसन" मा मौसम जानकारी, सुरक्षित ठाउँमा जाने सूचना जारी, नक्सा (GIS) प्रयोग गरिएको सुरक्षित ठाउँको म्याप, विभिन्न प्रकारका हजार्ड म्यापहरू जस्ता विपद्को बेला उपयोगी हुने जानकारीहरू हेर्न सक्नेछन्।
साथै सामान्य अवस्थामा पनि विपद् आएको बेलाको लागि तयारी गर्न, घर भित्र भण्डार गर्दाका महत्त्वपूर्ण कुराहरू, सुरक्षित ठाउँमा जाने बेलाको मनोवृत्ति आदिबारे जानकारी राखिएको छ।
भुकम्प, ताइफुन जस्ता प्राकृतिक प्रकोपको लागि तयारी गर्न ओता सहरको पोर्टल साइट र आपत्कालीन प्रतिकार्य एप्लिकेसन अहिले नै हेरिराख्नुहोस्।




ओता सहरको आपत्कालीन प्रतिकार्य पोर्टल साइट

यहाँबाट एप्लिकेशन डाउनलोड गर्न सकिन्छ।

AppStore

Google Play

सम्पर्क
विपद् रोकथाम तथा सङ्कट व्यवस्थापन शाखा
☎ 03-5744-1236　FAX 03-5744-1519　E-mail bousai@city.ota.tokyo.jp

# निवासी कर भुक्तानीबारे (चरण 4)

चरण 4 को विशेष सहर निवासी कर तथा जिल्ला निवासी कर (निवासी कर) को भुक्तानी म्याद जनवरी 31 तारिख हो।
म्यादसम्ममा भुक्तानी गर्नुहोस्। नबिर्सीकन भुक्तानी गर्नुहुन अनुरोध गर्दछौं।

सम्पर्क
कर भुक्तानी शाखा
☎ 03-5744-1205　FAX 03-5744-1517　E-mail nouzei@city.ota.tokyo.jp

# अन्तर्राष्ट्रिय सहर ओता संघ [बहुभाषी परामर्श काउन्टर]

खुला रहने समय

| आर्थिक वर्ष 2021 | |
|---|---|
| अंग्रेजी | सोम, मंगल, बुध, शुक्र 10:00 am~5:00 pm |
| चिनियाँ | सोम, मंगल, बिही, शुक्र 10:00 am~5:00 pm |
| तागालाग | सोम, शुक्र 10:00 am~5:00 pm |
| नेपाली | बुधबार 10:00 am~5:00 pm |
| भियतनामी | बिहीबार 10:00 am~5:00 pm |

- यी बाहेक अन्य भाषाहरूमा पनि सेवा उपलब्ध छ। परामर्श लिनुहोस्।
- फोन र इमेल मार्फत पनि परामर्शको लागि नाम लेखाउन सकिन्छ।
- वकिल (अधिवक्ता) परामर्श (अग्रिम रूपमा नाम लेखाउनुपर्ने): महिनाको पहिलो र तेस्रो आइतबार 1:00 pm~5:00 pm

यदि तपाईंमा निम्न सर्तहरू मध्ये कुनै एउटा सर्त मात्र पनि लागू हुन्छ भने सर्वप्रथम फोन अथवा इमेल मार्फत सम्पर्क गर्नुहोस्।

1. नोभल कोरोनाभाइरस (कोभिड 19) को संक्रमित अथवा वरपर संक्रमित पुष्टि भएको व्यक्ति भएमा
2. 37.5 डिग्री सेल्सियस वा सोभन्दा बढी ज्वरो भएमा
3. रुघाका लक्षणहरू (खोकी, सिँगान आदि) भएमा
4. पखाला वा बान्ताको लक्षण भएमा

[बहुभाषी परामर्श काउन्टरमा गर्न सकिने कुराहरू]


● दैनिक जीवन सम्बन्धी परामर्श

भाषाको समस्या, बच्चा, विवाह, सम्बन्ध विच्छेद, काम सम्बन्धी कुराहरू आदिबारे विभिन्न भाषाहरूमा परामर्श लिन सकिन्छ। (निशुल्क)

● अनुवाद

ओता सहर कार्यालयमा पेस गर्ने प्रामाणपत्र आदिको अनुवाद गरिन्छ। शुल्क लाग्नेछ। (प्रति कागजात 500 येन)

*"अन्तर्राष्ट्रिय सहर ओता संघ बहुभाषी परामर्श काउन्टर" 2022 साल अप्रिलमा फरक ठाउँमा सर्दैछ। नयाँ ठाउँ केइक्यु खामाता स्टेसन नजिक छ। विस्तृत जानकारी मार्चमा HP मा अपलोड गरिनेछ।





| सम्पर्क | |
|---|---|
| | अन्तर्राष्ट्रिय सहर ओता संघ बहुभाषी परामर्श काउन्टर<br>ओता सहर खामाता 5-13-26 उपभोक्ता केन्द्र 1F<br>☎ 03-6424-8822 FAX 03-5710-6330 Email info@ota-goca.or.jp |



प्रकाशन ओता अन्तर्राष्ट्रिय शहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा

〒144-8621 ओता सहर कामाता 5-13-14 ☎ 03-5744-1227 FAX 03-5744-1323

हामीले यो जानकारीपत्र वर्षमा 8 पटक 6 भाषाहरू (सजिलो जापानी, अंग्रेजी, चिनियाँ, नेपाली, टगालोग र भियतनामिज) मा प्रकाशन गरिरहेका छौं। यो जानकारीपत्र पुस्तकालय, बाल भवन, विशेष उपशाखा जस्ता सहरका सुविधाहरू र JR खामाता, ओमोरी, केइक्यु खामाता जस्ता सहर भित्रका प्रमुख स्टेसनहरूमा वितरण गरिन्छ।